HIGHLIGHTS LIFE CHRIST
NEPALI #5



# प्रभु येशू ख्रीष्टको जीवनका विशेषताहरू

५ #5

## येशू ख्रीष्ट हाम्रो सट्टामा मर्नुभयो

- येशू ख्रीष्टको बिरूद्धमा षडयन्त्र
- निस्तार चाड
- येशू ख्रीष्ट गेतसमनी बगैंचामा
- येशू माथि मुद्दा
- येशू ख्रीष्ट क्रूसमा

## येशू ख्रीष्टको बिरूद्धमा षडयन्त्र

मुख्य धार्मिक अगुवाहरू येशू ख्रीष्टको बिरोधमा थिए किनकि उहाँ तिनीहरूको पापको बिरूद्ध प्रचार गर्नुहुन्थ्यो । भीड उहाँको पछि लागेको देख्दा तिनीहरू डाहले भरिन्थे । प्रभु येशूले बिरामीहरूलाई निको पार्नुभयो, यहाँसम्म कि कति मरेका मानिसहरूलाई पनि निको पार्नुभयो । प्रभु येशू ख्रीष्ट हुनुहुन्छ भन्ने अगमवाणी उहाँले पुरा गर्नुभयो, तर धार्मिक अगुवाहरूले उहाँलाई इन्कार गरिनै रहे । तिनीहरूले येशू ख्रीष्टलाई पकडने र उहाँमाथि बिद्रोहको दोष लगाएर मृत्युसम्म पुऱ्याउने निश्चय गरे । तर उहाँलाई खुलमखुला पकड्यो भने सारा भीड उहाँतर्फ लाग्नेछ भनी तिनीहरू डराउँथे । यसकारण तिनीहरूले उहाँको एक चेला, यहूदा इस्करयोतिलाई घूस दिएर रातको बीचमा उहाँलाई पकड्न लगाए ।

### उत्तर लेख्नुहोस्

१. येशूका सत्रुहरू को थिए ?

.................. (क) साधारण मानिसहरू

.................. (ख) केही धार्मिक अगुवाहरू

.................. (ग) रोमी सरकारका अधिकारीहरू

## निस्तार चाड

परमेश्वरले आफ्ना मानिसहरूलाई कमारोपनबाट छुटकारा दिनुभएको समयमा निस्तार चाड मनाइन्थ्यो । हरेक वर्ष यस चाडमा थुमा पनि चढाइन्थ्यो । यो येशू ख्रीष्टको बलिदानको एउटा नमूना थियो । जब प्रभु येशूले आफ्नो सेवाकार्य शुरू गर्नुभयो, बप्तिस्मा दिने यूहन्नाले भने, "हेर, संसारको पाप उठाई लैजानु हुने परमेश्वरका थुमा ।" यो गर्नलाईनै उहाँले हाम्रा पापहरूको दण्ड बोक्नु भयो र उहाँ हाम्रो सट्टामा मर्नु पनि भयो । प्रभु येशू ख्रीष्टले आफ्ना चेलाहरूसंग निस्तारको भोज खाइसकेपछि, उहाँलाई धोका दिन यहूदा बाहिर निस्क्यो ।

### उत्तर लेख्नुहोस्

२. यूहन्नाले येशूको परीचय कसरि गराए ?

............ (क) परमेश्वरको पुत्र ।

............ (ख) पापहरू उठाई लैजानुहुने परमेश्वरको थुमा ।

............ (ग) प्रतिज्ञा गरिएको ख्रीष्ट ।

## प्रभु येशू ख्रीष्ट गेतसमनी बगैंचामा

### येशू ख्रीष्ट प्रार्थना गर्नुहुन्छ

यहूदाले धोका दिन्छ भन्ने कुरा येशूलाई थाहा थियो । प्रभु येशू आफैंलाई बचाउन सक्नुहुन्थ्यो, तर उहाँ हाम्रो सट्टामा मर्न यस संसारमा आउनु भएको थियो । उहाँले आफ्ना चेलाहरूलाई बताउनु भएको थियो कि उहाँ क्रूसमा मारिनु हुनेछ र तेस्रो दिनमा फेरि बिउँतनु हुनेछ । निस्तार चाडको भोज खाइसकेपछि येशू ख्रीष्ट चेलाहरूको साथमा गेतसमनी बगैंचामा जानुभयो, जुन ठाउँमा उहाँहरू धेरै जसो प्रार्थना गर्न जानु हुन्थ्यो ।

> श्रौ उहाँहरू गेतसमनी नाउँ भएको एउटा ठाउँमा आउनु भयो, र उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, "मैले प्रार्थना गरून्जेल तिमीहरू यहाँ बस ।" तब उहाँले पत्रुस, याकूब र यूहन्नालाई आफूसंग लैजानु भयो, र उहाँ अत्यन्त बिचलित र बहुतै खिन्न हुनलाग्नुभयो । श्रौ उहाँले तिनीहरूलाई भन्नुभयो, "मेरो प्राण मरणान्त अति कष्टित भएको छ, तिमीहरू यहाँ बस र जागा रहो ।" श्रौ उहाँले भन्नुभयो, "अब्बा, हे पिता तपाईलाई सबैकुरा सम्भव छ, यो कचौरा मबाट हटाइदिनुहोस् । तर मेरो इच्छा बमोजिमता होहैन, तर तपाई जस्तो इच्छा गर्नुहुन्छ ।" मर्कूस १४: ३२-३६



निर्दोष प्रभु येशूले परमेश्वरको सामून्ने संसारको सारा पापहरूको दोष आफूमाथि सहनु पर्ने कुरो उहाँको निम्ति कठिन थियो । तर पनि येशू ख्रीष्ट हामीहरूलाई पापबाट बचाउन चाहनु हुन्थ्यो । हामीहरूलाई अनन्त जीवन दिन अरू कुनै उपाय नभएकोले येशू ख्रीष्ट हाम्रा पापहरूको निम्ति मर्नुभयो ।

## तपाईंले गर्नुपर्ने

३. प्रभु येशू ख्रीष्टका वचनहरू कण्ठ गर्नुहोस् : मेरो इच्छा बमोजिम ता होइन, तर तपाईं जस्तो इच्छा गर्नुहुन्छ।

## येशू ख्रीष्ट पकडाइनु भयो

येशू ख्रीष्टले प्रार्थना गर्दा स्वर्गदूतहरू आएर उहाँलाई हौसला र बल दिए। उहांका चेलाहरू सुतिरहेका थिए। समय आइसकेको छ भनेर थाहा दिनलाई, आखिरमा उहाँले तिनीहरूलाई उठाउनु भयो। यहूदाले मानिसहरू साथमा लिएर उहाँलाई पकडाउन भनि त्यहां आइपुग्यो।

> अनि उहाँको बिरूद्धमा आएका मुख्य पूजाहारीहरू र मन्दिरका कप्तानहरू र बूढा प्रधानहरूलाई उहांले भन्नुभयो, "के तपाईहरू डाँकूको बिरूद्धमा जस्तै तरवार र लाठाहरू लिएर आउनुभएको ? म दिनहुँ मन्दिरमा तपाईहरूका साथमा हुंदा तपाईहरूले मेरो बिरूद्धमा हात लगाउनु भएन, तर अब तपाईहरूको बेला र अन्धकारको शक्ति यही हो।" अनि तिनीहरूले उहाँलाई पक्रेर लगे, र प्रधान पूजाहारीको घरमा ल्याए।

## उत्तर लेख्नुहोस्

४. कुन चाँहि चेलाले येशू ख्रीष्टलाई धोका दियो ?

..................................

## प्रभु येशू ख्रीष्टमाथि मुद्दा

येशू ख्रीष्टमाथि ६ चोटी मुद्दा गरियो:

१. बूढा प्रधान पूजाहारीको सामुन्ने।
२. प्रधान पूजाहारीको सामुन्ने।
३. यहूदी हाकीमहरूको सामुन्ने।
४. रोमी बडाहाकिम पिलातसको सामुन्ने।
५. छिमेकी प्रान्तका सरकार हेरोद राजाको सामुन्ने।
६. दोस्रो चोटि पिलातसको सामुन्ने।

## उत्तर लेख्नुहोस्

१. कुन बडाहाकिमले येशू ख्रीष्ट माथिको मुद्दा जाँच गरे ?

.................................................................

५. बडाहाकिमले के भने ?

........................ (क) म यी मानिसमा दोष भेट्टाउँछु ।

........................ (ख) यी मानिसलाई दण्ड दिने कुनै दोष म भेट्टाउँदिन ।

........................ (ग) मुद्दा खारेज भयो ।

## येशू ख्रीष्ट क्रूसमा टाँगिनु भयो

**भविष्यवाणी पूरा भयोः**

येशू ख्रीष्टका बिरोधीहरूले उहाँमाथिको मुद्दामा झूटो साक्षी दिए । सिपाहीहरूले येशू ख्रीष्ट माथि ख्याल–ठट्टा गर्दै उहाँलाई थुके र कोर्रा लगाए । तिनीहरूले उहाँलाई दुई अपराधीहरूको साथमा आ-आफ्नो क्रूस बोकाएर कलभरी भन्ने डाँडातर्फ



हिंडाएर लगे । गिल्ला गर्ने भीडको बीचमा उहाँलाई हात र खुट्टामा कीला ठोकेर तिनीहरूले झुण्डाए । उहाँनै परमेश्वरको पुत्र हुनुहुन्थ्यो र ती पापी मानिसहरूको निम्ति मरेर उहाँ तिनीहरूलाई अनन्त मृत्यु दण्डदेखि बचाउन चाहनु हुन्थ्यो । उहाँले स्वर्गबाट आगो बर्साएर सबैलाई भष्म गराउन सक्नु हुन्थ्यो तर उहाँले यसरी प्रार्थना गर्नुभयोः "हे पिता, तिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि तिनीहरूले के गरिरहेछन सो जान्दैनन् ।"

यशैया अगमवक्ताले लेखेका थिए कि ख्रीष्ट मानिसहरूको पापको निम्ति मारिनु हुनेछ :

> तर उहाँ ता हाम्रा अपराधहरूको निम्ति घायल हुनुभयो, उहाँले हाम्रा अधर्मका निम्ति चोट पाउनुभयो । हाम्रै शान्तिको निम्ति दण्ड यहाँमाथि पऱ्यो र उहाँले पाएको कोर्राको चोटले हामीहरू निको भयौं । हामीहरू सबै भेडा झैं बरालिएका थियौं । हामीहरू हरेक आफ्नै बाटोतिर लाग्यौं, औ परमप्रभुले उहाँमाथि हाम्रा सबै अधर्म हालिदिनु भयो । उहाँ थिचोमिचोमा पर्नुभयो

अनि एका बिहानै मुख्य पूजाहारीहरूले, बूढा प्रधान-हरू र शास्त्रीहरूले, जम्मै महासभाले आपसमा सल्लाह गरी येशू ख्रीष्टलाई बाँधेर लगे र पिलातसकहाँ सुम्पिदिए । मर्कूस १५:१



औ तिनीहरूले उहाँमाथि यसो भनी दोष लगाउन लागे, "हाम्रो जातिलाई यसले बहकाउन-लागेको र सिजरलाई कर तिर्न रोकेको र आफैंलाई चाँहि 'म राजा हुँ' भनेको हामीले फेला पार्‍यौं ।" पिलातसले उहाँलाई सोधे, "के तिमी यहूदीहरूका राजा हौ ?" उहाँले जवाफ दिनुभयो, "तपाईंनै भन्नुहुन्छ ।"

लूका २३:२,३

प्रभु येशूले जवाफ दिनुभयो, "मेरो राज्य यस संसारको होइन । मेरो राज्य यस संसारको हुँदो हो ता म यहूदी-हरूका हातमा नसुम्पिनालाई मेरा चाकरहरूले लडाँई गर्ने थिए, तर अब मेरो राज्य यहाँको होइन ।" यसकारण पिलातसले उहाँलाई भने, "के अब तिमी राजानै हौ त ?" येशू ख्रीष्टले जवाफ दिनुभयो, "म राजा हुँ भनी तपाईंनै भन्नुहुन्छ । यसैको निम्ति म जन्मेको हुँ । सत्यको जो छ, हरेकले मेरो स्वर सुन्छ ।" पिलातसले उहाँलाई भने, "सत्य के हो ?" अनि यो भनेर फेरि उनले यहूदीहरूकहाँ बाहिर निस्केर तिनीहरूलाई भने, "म यिनमा केही दोष भेट्टाउँदिन । तर मैले निस्तार चाडमा एक जनालाई तिमीहरूका निम्ति छोडिदिने तिमीहरूको चलन छ । त के तिमीहरूका निम्ति यहूदीहरूका राजालाई छोडिदिउँ भन्ने तिमीहरूको इच्छा छ ?" तर तिनीहरू फेरि यसो भन्दै कराए, "यसलाई होइन, तर बरब्बालाई ।" बरब्बा चाँहि चोर थियो । यूहन्ना १८:३६-४०

पिलातसले फेरि तिनीहरूलाई जवाफ दिएर भने, "जसलाई तिमीहरू यहूदीहरूका राजा भन्छौ, उसलाई चाँहि म के गरूँ त ?" तिनीहरू फेरि चिच्याए, "त्यसलाई क्रूसमा टाँग्नुहोस् ।" पिलातसले तिनीहरूलाई भने, "किन ? तिनले के खराबी गरेका छन् र ?" तर तिनीहरू झन सान्हो चिच्याए, "क्रूसमा टाँग्नुहोस् ।" तब पिलातसले भीडलाई सन्तोष पार्ने मनगरी तिनीहरूका निम्ति बरब्बालाई छोडिदिए र येशू ख्रीष्टलाई कोर्रा लाएपछि क्रूसमा टाँग्नलाई सुम्पिदिए । मर्कूस १५:१२:१५

र उहाँलाई कष्ट थियो, तापनि उहाँले आफूलाई नम्र तुल्याएर आफ्नो मुख खोल्नु भएन । मारिनलाई लगेको थुमा र आफ्नो ऊन कत्रनेको सामु भेडा लाटो भएझैं उहाँले आफ्नो मुख खोल्नु भएन । उहाँलाई अत्याचार गरियो र दोष लगाएर पनि लगियो । उहाँको पुस्तामध्येको कसले बिचार गऱ्यो कि उहाँ जीवितहरूको देशबाट अलग गरिनु भयो र मेरो प्रजाको अपराधको निम्ति उहाँमाथि कुटाई पऱ्यो । यशैया ५३:५-८

अरू अगमवक्ताहरूले लेखेका छन् कि उहाँको आफ्नै एक मित्रले उहाँलाई धोका दिनेछ । उहाँको हातमा कीला ठोकिनेछ, उहाँका हाडहरूको जोर्नी खुस्कनेछ । मानिसहरूले उहाँमाथि हाँसो गर्नेछन्, पिउनको निम्ति उहाँलाई सिर्का दिनेछन र उहाँको वस्त्र चिट्ठा हालेर बाँडनेछन् । अगमवक्ताहरूले भनेअनुसार यी सबै घटनाहरू प्रभु येशू क्रूसमा टाँगिनुहुँदा पुरा भयो ।

## यसो गर्नुहोस्

७. यशैयाको अगमवाणीलाई तीन चोटी पढ्नुहोस् ।

**येशू ख्रीष्टको मृत्यु :**

उहाँ झुण्डाइएर मरिनु भएको देखनेहरूमध्य सबैले उहाँमाथि हाँसो गरेनन् । येशू ख्रीष्टसँग क्रूसमा टाँगिएको दुई चोरहरूमध्ये एउटाले उहाँमा विश्वास गऱ्यो । आफ्ना सबै पापहरूदेखि उद्धार पायो ।



अनि त्यसले भन्यो, "हे येशू, तपाई आफ्नो राज्यमा आउनुहुँदा मलाई सम्झनुहोस् ।" उहाँले त्यसलाई भन्नुभयो, "म तिमीलाई साँच्चै भन्दछु, आजै तिमी मसित स्वर्गलोकमा हुनेछौ ।" लूका २३:४२–४३

अब प्राय: मध्यदिन भएको थियो, र तेस्रो प्रहरसम्मै सबै देशभरि अन्धकार भयो । सूर्यको तेजै कम भयो, र मन्दिरको पर्दा माझमा च्यातियो । औ चर्को स्वरले कराएर येशूले भन्नुभयो, "हे पिता, म मेरो आत्मा तपाईको हातमा जिम्मा दिन्छु ।" औ यति भनेर उहाँले आफ्नो प्राण त्याग्नु भयो । लूका २३:४४–४६

तर जब कप्तान र तिनीसित येशूलाई हेरिरहनेहरूले भैंचालो र त्यहाँ भएका घटनाहरू देखे तब साह्रै डराएर यसो भने, "साँचिनै यिनी परमेश्वरका पुत्र रहेछन ।"
मत्ती २७:५४

## उत्तर लेख्नुहोस्

८. खाली ठाउँहरूमा आफ्नो नाम लेखनुहोस् :

जब प्रभु येशू ख्रीष्ट क्रूसमा मर्नु भयो उहाँ .................. को पापहरूको निम्ति मर्नुभयो । उहाँले .................. ले पाउने पापहरूको दण्डको भार उठाउनु भयो । यसरी .................. बाँचोस् र अनन्त जीवनको आनन्द पाउन सकोस् । हे परमेश्वर, ख्रीष्ट येशूलाई पठाउनु भएको लागि धन्यवाद जसले .................. को स्थान लिनु भयो ।

## बधाई

यस अध्याय पूरा गरेर प्रमाण-पत्र पाउनलाई अब तपाईले अझै एउटा पाठ सिध्याउनु पर्नेछ । पाठ ६ सिध्याइसक्नुभए पछि "उत्तर पृष्ठ" पूरा गरेर जाँचको निम्ति आई. सी. आई. मा पठाउनुहोस् ।

ठेगाना:

**इन्टर्नेशनल करेस्पोण्डेन्स इन्स्टिट्यूट**
**पो. अ. ब. ४१६**
**काठमाडौं**

**International Correspondence Institute**
**P. O. Box 416**
**Kathmandu**

मुद्रकः वण्डर प्रिन्टिङ्ग प्रेस, नरदेवी, काठमाडौं
फोन नं. १४२२३ र १४२२४